"वनको वैज्ञानिक व्यवस्थापन : समृद्धिको मूलआधार"

# पथरी शनिश्चरे साझेदारी वन व्यबस्थापन समूह

## कार्यान्वयन ईकाईको कार्यालय,मंगलवारे मोरङ्ग

मिति :- २०७५/८/२५

**विषय : ढलापडा रुखहरु संकलन सम्बन्धि विस्तृत सूचना ।**

उपर्युक्त सम्बन्धमा यस साझेदारी वनको स्विकृत वन व्यबस्थापन कार्ययोजना बमोजिम, आ.ब.०७५।०७६ को वार्षिक कार्यक्रम अर्न्तगत यस साझेदारी वनको ५ वटै कम्पार्टमेन्टको रुख संख्या ९७ को परिमाण काठ ८५४७.५ क्यु.फिट र दाउरा ९.५३ चट्टा संकलन, ढुवानी, नम्बरिङ्ग घाटगद्धि तथा पाईलिङ गर्नका लागी यस जिल्लाको स्विकृत जिल्ला दररेटमा घटाघटमा गोप्य शिलवन्दि प्रकृयाद्वारा संकलन गर्नका लागि यो सूचना प्रकाशित गरिएको छ । काठको कारोबार गर्न ईजाजत प्राप्त ईच्छुक व्यक्ति, संघ संस्था, फर्म वा कम्पनीले यो सूचना ब्लाष्ट टाईम्स राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक २०७५/०८/२४ गते प्रकाशित भएको मितिले ३० (तीस) दिन भित्रमा ५ वटै कम्पार्टमेन्टको लट अनुसार संकलन छुट्टाछुट्टै बोलपत्र खरीद गरी ३१ औं दिनमा दिनको १:०० बजे सम्ममा देहायको शर्तको अधिनमा रही यस साझेदारी वनको कार्यान्वयन ईकाइको कार्यालय मंगलबारे, मोरङ्गमा शिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ ।

**तपसिल**

**(क) ढलपडा रुख कटान, मुछ्यान, नम्बरिङ्ग, ढुवानी, घाटगद्धि तथा पाईलिङ सम्बन्धि कामको विवरण (काठ क्यु.फिट र दाउरा चट्टा)**

| लट नं. | कामको विवरण | घाटगद्दी गर्नु पर्ने स्थान | संकलन हुने रुखको विवरण | | | | घाटगद्दी सम्मको दुरी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | कम्पार्टमेन्ट | रुख संख्या | अनुमानित उत्पादन परिमाण | | | |
| | | | | | काठ (क्यु.फिट) | दाउरा (चट्टा) | | |
| १ | कटान (गिण्डा पार्ने), मुछ्यान, नम्बरिङ्ग, ढुवानी, घाटगद्दी र पाईलिङ्ग समेत | इ.व.का पथरी | C1 | २८ | १४२८.६ | १.५६ | ०-१० कि.मी. | |
| २ | | इ.व.का. जाँते | C2 | २२ | ३२५४.२ | ३.९ | | |
| ३ | | से.व.का मगंलबारे | C3 | १० | ४८५.५६ | ०.५४ | | |
| ४ | | से.व.का मगंलबारे | C4 | ६ | ४०४.६५ | ०.४ | | |
| ५ | | इ.व.का. धानखेती | C5 | ३१ | २९७४.४ | ३.१३ | | |
| जम्मा | | | | ९७ | ८५४७.५ | ९.५३ | | |

शर्तहरु :

(१) बोलपत्र खरिद गर्नु पर्ने अन्तिम मिति र समय :-

(क) अन्तिम मिति : २०७५/०९/२४ गते मंगलबार ।

(ख) समय : वेलुका ४ बजेसम्म

(२) बोलपत्र दाखिला गर्नु पर्ने अन्तिम मिति, समय र दाखिला गर्ने स्थान :-

(क) अन्तिम मिति : - २०७५/०९/२५

(ख) समय : दिउँसो १:०० बजे सम्म ।

(ग) दाखिला गर्ने स्थान :-पथरी शनिश्चरे साझेदारी वन, कार्यान्वयन ईकाइको कार्यालय ,मंगलवारे, मोरंग ।

३) बोलपत्र खरीद गर्न ईच्छुक ब्यक्ति/फर्म वा कम्पनी का प्रोप्राईटरले बोलपत्र खरीद गर्न दिईएको निवेदनको साथमा नेपाली नागरीकताको प्रमाणपत्रको प्रतिलिपी, कर दर्ता प्रमाण पत्रको प्रतिलिपी, मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपी वा स्थायी लेखा नम्वर (PAN) दर्ता प्रमाणपत्रको प्रतिलिपी र काठ/दाउराको कारोवार गर्न ईजाजत पाएको प्रमाण पत्रको प्रतिलिपी पेश गर्नुपर्ने छ ।

४) खरीद गरिएका बोलपत्रहरु रितपुर्वक भरी सिलबन्दी गरेर मिति २०७५।०९।२५ गते दिनको १:०० बजे सम्ममा पथरी-शनिश्चरे साझेदारी वन व्यवस्थापन समिति, मंगलवारे, मोरंगमा दाखिला गर्न सकिने छ । बोलपत्र बिकि गर्ने, दाखिला गर्ने अन्तिम दिन र बोलपत्र खोल्ने दिनमा बिदा परेमा सो को भोलिपल्ट बिकि, दाखिला र खोल्ने कार्य हुने छ ।

५) प्रत्येक कम्पार्टमेन्टको रुखहरु संकलन बेग्लाबेग्लै बोलपत्र सिलबन्दी गरी पेश गर्नुपर्ने छ । बोलपत्र पेश गरेको खाममा कम्पार्टमेन्टको न र आ.व. अनिबार्य रुपमा उल्लेख गर्नुपर्ने छ । उल्लेख नगरेमा अमान्य हुने र त्यस्तो बोलपत्र दर्ता गर्न कार्यालय बाध्य हुने छैन ।

६) बोलपत्रको मूल्यांकन गर्दा काठ/दाउरा संकलनका लागी सोही कम्पार्टमेन्टको न्यूनतम कबोल अंकलाई आधार मानिने छ ।

७) जसको नाममा बिकि भएको बोलपत्र फाराम हो, उसैको तर्फबाट दाखिला गर्नुपर्ने छ ।

८) उल्लेखित काठको संकलन मा भाग लिन ईच्छुक ब्यक्ति/फर्म वा कम्पनी का प्रोप्राईटरले नेपाली नागरीकता प्रमाणपत्रको प्रतिलिपी, कर दर्ता प्रमाण पत्रको प्रतिलिपी, मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपी वा स्थायी लेखा नम्वर (PAN) दर्ता प्रमाणपत्रको प्रतिलिपी र काठको कारोवार गर्न ईजाजत पाएको प्रमाण पत्रको प्रतिलिपी बोलपत्रसाथ पेश गर्नुपर्ने छ ।

९) काठ/दाउराको संकलन ठेक्काको हकमा बोलपत्रको साथमा कबोल गरेको ठेक्का रकमको १०% ले हुन आउने धरौटी रकम यस समूहको राष्ट्रिय वाणिज्य बैंक शाखा कार्यालय बरगाछीको खाता नं. २२५०००२२१६०१ मा आफुलाई पायक पर्ने राष्ट्रिय वाणिज्य बैंकको शाखा मार्फत जम्मा गरी सो को सक्कल भौचर वा कम्तिमा ६ महिना सम्मको रितपूर्वकको बैक ग्यारेन्टी वा बैंक ड्राफ्ट समाबेश हुनुपर्ने छ ।

१०) सूचनामा उल्लेख नभएको कुराहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ शंशोधन सहित र प्रचलित नियमानुसार हुनेछ ।

११) काठ संकलनको लागी ठेक्का स्विकृती भएपछी ठेकेदार र यस कार्यालय बिच कटान गर्ने (गिण्डा पार्ने), मुछान, नम्वरिङ्ग, ढुवानी, घाटगद्धी तथा पाईलिङ्ग गर्ने विषयमा सम्झौता अनुसार (करारनामा) गर्नु पर्ने छ । सम्झौता पश्चात यस कार्यालयबाट वन प्रवेश ईजाजत प्राप्त गरेपछी तोकिएको प्लटमा गई कटान मुछान कार्य सुरु गर्न सकिने छ ।

१२) संकलन गर्ने काठ/दाउराको उल्लेखित अनुमानित परिमाणमा घटबढ हुन सक्ने र घटबढ भएमा सोही अनुसार प्रति ईकाइ सकार मूल्यको आधारमा रकम भुक्तानी गरिने छ ।

१३) ठेकेदारले सुरुमा आफ्नै खर्च लगाई काठ/दाउरा संकलन गर्नु पर्ने छ र पहिलो पन्ध्र रोजाको प्रगतिको आधारमा सम्भव भएमा मात्र केही रकम समितिले उपलब्ध गराउन सक्ने छ । काठ/दाउरा संकलन भए पश्चात सम्बन्धित इ.व.का. को वन प्राविधिकले प्रमाणित गरेको चलान र घाटगद्धी आम्दानीको आधारमा ठेकेदारलाई बढीमा तीन किस्तामा रकम भुक्तानी गरिने छ । प्लटको अन्तिम जाँच नभई अन्तिम विल भुक्तानी गरिने छैन ।

१४) यस ईकाइका वा प्राविधिक कर्मचारीको रेखदेख, निर्देशन र नियन्त्रणमा रही ठेकेदारले कटान, मुछान, ढुवानी एवं घाटगद्धीको काम गर्नु गराउनु पर्ने छ ।

१५) लगत बमोजिम छपान भएका रुखहरु मात्र कटान, मुछान, ढुवानी गर्नु पर्ने छ । छपान नभएका रुख, बोट विरुवा एवं वन्यजन्तुको हानी नोक्सानी भएमा प्रचलित कानुन बमोजिम कारबाही हुने छ ।

१६) काठ/दाउराको संकलन सम्बन्धि सम्पूर्ण कार्य वन पैदावार संकलन तथा बिक्रि वितरण निर्देशिका २०७३ र प्रचलित कानुनको अधिनमा रही गर्नु पर्ने छ ।

१७) बोलपत्रमा सकार रकम, अंक र अक्षर दुवैमा लेख्नुपर्ने छ । अंक र अक्षर फरक परेमा अक्षरलाई मान्यता दिईने छ ।

१८) बोलपत्रमा र सो सम्बन्धि कागजातमा बोलपत्रदाता वा फर्मको सहीछाप भई नआएमा सो बोलपत्र अमान्य हुने छ ।

**१९) बोलपत्र खोलिने मिति समय र स्थान**

मिति : २०७५/०९/२६

समय : दिउसो १:०० बजे

स्थान : कार्यान्वयन ईकाइको कार्यालय, मंगलबारे

२०) सम्बन्धित कार्यालयहरुबाट बिकि नभएको बोलपत्र दाखिला भएमा वा बेचिएको बोलपत्रको फोटोकपी दाखिला गरेमा सो बोलपत्र अमान्य हुनेछ ।

२१) म्याद नाघी वा रित नपुगी पेश हुन आएको बोलपत्र उपर कुनै कारवाही गरीने छैन ।

२२) बोलपत्र सम्बन्धि प्रकाशित सूचनामा उल्लेखित शर्तहरु उलङघन् भएमा बोलपत्र अमान्य हुने छ ।

२३) बोलपत्र सदर वा बदर गर्ने अधिकार, यस साझेदारी वन व्यवस्थापन समितिमा निहीत रहने छ ।

२४) उपर्युक्त सूचना सम्वन्धमा कुनैकुरा हेरफेर वा शंसोधन गर्नु परेमा यस कार्यालयले गर्न सक्ने छ ।

१७) अन्य शर्तहरुको हकमा प्रचलित आर्थिक ऐन, नियम र वन पैदावार लिलाम बिकि कार्यबिधि निर्देशिका अनुसार हुने छ । साथै धरौटी रकम फिर्ता लिन ०७४।०७५ को कर चुक्ता प्रमाणपत्र अनिवार्य पेश गर्नुपर्ने छ ।

ईतिसम्वत् २०७५ साल मंसिर २५ गते रोज ३ शुभम्..........................................................................।